# शिवनाथ गाउँपालिका

## शिवनाथ, बैतडी

सुदूरपश्चिम प्रदेश

# स्थानीय राजपत्र

## शिवनाथ गाँउपालिकाद्धारा प्रकाशित

**खण्डः ८ अंकः ०२ मिति २०८१/५/९ गते**

भाग -२

**शिवनाथ गाउँपालिकाको माल सामान लिलाम विक्री सम्बन्धी कार्यविधि,२०८१**

शिवनाथ गाउँ कार्यपालिकाको मिति २०८१/५/९ गतेको बैठकबाट स्वीकृत भएको " शिवनाथ गाउँपालिकाको माल सामान लिलाम विक्री सम्बन्धी कार्यविधि,२०८१" स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

(२०८१)

शिवनाथ गाउँ कार्यपालिकाको मिति २०८१/०५/०९ गते

## शिवनाथ गाउँपालिकाको माल सामान लिलाम विक्री सम्बन्धी कार्यविधि,२०८१

## प्रस्तावनाः

शिवनाथ गाउँपालिकाको मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि २०८१ प्रस्तावना गाउँपालिका वडा कार्यालय तथा अन्तर्गतका कार्यालयमा रहेको सम्पत्ति तथा भौतिक संरचना मेसिनरी औजार तथा भारी उपकरण र सवारी साधन तथा गाउँपालिकाले जफत गरेका वा कानुनी कारबाहीका क्रममा गाउँपालिकाको नियन्त्रणमा आइ तोकिएको म्यादभित्र सम्बन्धित धनीले फिर्ता नलगेका जुनसुकै किसिमका वारिसे वा बेवारिसे मालसामान लिलाम गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

(परिच्छेद-१)

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम गाउँपालिकाको लिलाम बिक्री सम्बन्धी कार्यविधि २०८१ रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अथ नलागेमा यस कार्यविधिमाः-

क ) "अध्यक्ष" भन्नाले शिवनाथ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

ख) "उपाध्यक्ष" भन्नाले शिवनाथ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

घ) "कार्यपालिका" भन्नाले शिवनाथ गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

ङ) "कार्यालय" भन्नाले शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

च) मूल्याङ्कन समिति भन्नाले सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री गर्ने प्रयोजनको लागि मूल्याङ्कन गर्न कार्यविधिको दफा ६(१) बमोजिमको समिति सम्झनुपर्छ।

छ) सम्पत्ति भन्नाले कार्यालयको श्रेष्तामा आम्दानी बाँधिएका एक वर्षभन्दा बढी अवधि खप्ने सम्पत्ति सम्झनु पर्छ।

ज) "लिलाम" भन्नाले गाउँपालिकाले जफत गरेका वा कानूनी कारबाहीका क्रममा गाउँपालिकाको नियन्त्रणमा आई तोकिएको म्यादभित्र सम्वन्धित धनीले फिर्ता नलगेका जुनसुकै किसिमका वारिसे वा वेवारिसे मालसामान वा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकममा भई पुनः प्रयोग गर्न नसकिने वा प्राविधिकबाट निरीक्षण गर्दा कुनै जिन्सी मालसामान मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पाठपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको २५ प्रतिशत



नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भने प्रतिवेदनमा उल्लेख भएको दफा २ (क) (१) बमोजिमका सामानहरू बुझ्नुपर्छ।

(परिच्छेद-२)

प्रारम्भिक

३. उद्देश्यः यो कार्यविधिका उद्देश्यहरू निम्न बमोजिम रहेका छनः

क) जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकममा भएका जिन्सी मालसामानहरूको माध्यमबाट गाउँपालिकाको आम्दानीको स्रोत वृद्धि गर्ने।

ख) कार्यालयले कानुन बमोजिम जफत गरेका मालसामानको समयमा नै उचित व्यवस्था गर्ने।

ग) कानुन विपरीत गतिविधि गरेको कसुरमा गाउँपालिकाले नियन्त्रणमा लिएका जुन फिर्ता नलिएको वा तोकिएको अवधिभित्र हक दावी नै पर्न नआएको बेवारिसे मालसामान वा चौपायाको उचित व्यवस्थापन गर्ने।

४. लिलाम बिक्री गर्नेः (१) देहाएका मालसामानहरू लिलाम बिक्री गर्न सकिनेछ।

क) बेकममा हुन पुगेका सम्पत्ति तथा सामग्रीहरू,

ख) जुनसुकै कारणबाट जफत गरिएका सम्पत्ति तथा सामग्रीहरू,

ग) कानुन विपरीत गतिविधि गरेको कसुरमा गाउँपालिकाले नियन्त्रणमा लिएका तर सम्बन्धित धनीले तोकिएको समयमा तोकिएको जरिवाना बुझाई फिर्ता नलिएको वा हकदाबी नपरि बेवारिसे ठहर भएका जुनसुकै मालसामान तथा चौपायाहरु,

घ) कार्यपालिकाको निर्णय अनुसार का सम्पत्ति तथा सामग्रीहरू,

ङ) लिलाम बिक्री गर्ने निर्णय गर्दा निर्माण वा खरिद भएको मितिले सवारी साधनको हकमा २० वर्ष मोबाइल कम्प्युटर ल्यापटप प्रिन्टर फोटोकपी मेसिन सर्भर लगायत सूचनाको हकमा पाँच वर्ष फर्निचरको हकमा १० वर्ष र अन्य मेसिनरी औजारको हकमा १५ वर्षभन्दा कम अवधि भएको मालसामान प्राविधिकबाट निरीक्षण गराई प्रतिवेदन लिएर मात्र लिलाम गर्नुपर्ने वा नपर्ने यकिन गर्नुपर्नेछ।

च) घरजग्गा जस्ता स्थिर सम्पत्ति नेपाल सरकारको निर्णय बेगर लिलाम बिक्री गर्न पाइने छैन। तर पुरानो घर भत्काएर नयाँ वनाउन वा अन्य कुनै कारणले पुरानो घर भत्काउँदा निस्किएको सामग्री यो कार्यविधिको प्रक्रिया पूरा गरी लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन।

२) कार्यालयले प्रत्येक आर्थिक वर्ष सकिएको तीन महिनाभित्र जिन्सी निरीक्षण गराउनुपर्दछ। जिन्सी निरीक्षण समितिले दिएको आफ्नो प्रतिवेदनमा बेकममा भै लिलाम गर्न मनासिव ठहरिएका सामानहरू स्पष्ट किटान गर्नुपर्दछ। सामान्यतया निम्न अवस्थामा समान बेकममा मान्न सकिन्छ।

क) सामान जुन कामको लागि राखिएको हो सो काममा प्रयोग गर्ने नसकिने भएको,

ख) खरिद गरिएको मितिवाट १२ वर्ष पूरा भएको र सामान बिग्रिएर सोको मर्मत गर्दा नयाँ



नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

सामानको मूल्यको २५ प्रतिशत वा सोभन्दा बढी लाग्ने भएको,

घ) अनुसूची ३ मा उल्लेखित ह्रासकट्टीको दर लगाई सामानको मूल्य निकाल्दा परल मूल्यको ५ प्रतिशत वा सोभन्दा कम मात्र रहन गएको (सुरु मूल्य र सुरुसाल नखुलेको अवस्थामा यो मापदण्ड प्रयोग गर्न सकिंदैन।),

ङ) अघिल्लो आर्थिक वर्षमा समान मर्मतमा गरिएको खर्च र सो आ.व.को सामानको ह्रासकट्टी हुने रकम जोड्दा नयाँ सामानको मूल्यको ४० प्रतिशत वा सोभन्दा बढी हुन गएको,

द्रष्टव्य: परल मूल्य भन्नाले सुरुमा खरिद गरिएको invoice मूल्य ढुवानी खर्च र सामानको कुनै भागमा नयाँ उपकरण जडान गरिएको भए सो समेतको खर्च जोडिएको मूल्य सम्झनुपर्दछ। यदि भन्सार छुट सुविधा प्राप्त गरिएको भए invoice मूल्यमा भन्सार शुल्क समेत जोडी परल मूल्य कायम गर्नुपर्दछ।

**५. विवरण तयार गर्नु पर्ने:** (१) कार्यालयको जिन्सी शाखाले सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने भनी पहिचान भएको सम्पत्ति तथा जिन्सी मालसाबानको विवरण अनुसूची १ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण तयार भएपछि कार्यालयको जिन्सी शाखाले त्यस्तो विवरणमा उल्लेखित सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री प्रक्रिया सुरु गर्ने स्वीकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ र त्यसरी पेश हुन आएका प्रमुख प्रशासकीय अधिकृतले लिलाम बिक्रीको प्रक्रिया अघि बढाउन स्वीकृति दिन सक्नेछ। तर स्थायी भवन संरचना भत्काई लिलाम बिक्री गर्दा वा जुनसुकै कारणवाट जफत भएका मेसिन उपकरण वा मालसामान लिलाम बिक्री गर्दा वा कानुन विपरीत गतिविधि गरेको कसुरमा गाउँपालिकाले नियन्त्रणमा लिएका जुनसुकै मालसामान तथा चौपाया सम्बन्धित धनीले तोकिएको जरिवाना तिरी फिर्ता नलिएको वा तोकिएको अवधिभित्र कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ।

(३) कार्यपालिकाको निर्णय वा सैद्धान्तिक स्वीकृति बेगर स्थायी प्रकृतिका भवन संरचना भत्काउन र उक्त भवनमा प्रयोग भएका मालसामान लिलाम गर्न सकिने छैन। कार्यपालिकाको निर्णय वा सैद्धान्तिक स्वीकृति बमोजिम भत्काइने भवन संरचनाबाट निस्किने मालसामानहरूको लिलाम बिक्री गर्दा कार्यपालिकाको प्राविधिक कर्मचारीबाट प्रारम्भिक मूल्याङ्कन गराई बमोजिमको मूल्याङ्कन समितिमा छलफलको लागि पेश गर्नुपर्नेछ।

**६. मूल्याङ्कन गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिम लिलाम गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको मूल्याङ्कन गर्न देहाएबमोजिम समिति रहनेछ:

क) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य -संयोजक

ख) कार्यालयको पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

ग) कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विशेषज्ञ प्रतिनिधि - सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख
ङ) जिन्सी शाखाको प्रमुख सदस्य सचिव
समितिले आवश्यकता अनुसार अन्य दुई जना सम्म सदस्य आमन्त्रण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाएबमोजिम हुनेछः

क) दफा ५ मा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने सबै वर्गका माल सामानहरू लिलाम बिक्री गर्न प्रयोजनको लागि न्यूनतम मूल्याङ्कन कायम गर्ने

ख) समितिले न्यूनतम मूल्य कायम गर्दा देखाएका कुरामा ध्यान दिनुपर्छः

अ. प्रचलित बजार मूल्य,

आ. लिलाम बिक्री हुने सामानको अवस्था उपयोगिता सेवा आयु ह्रासकट्टी र अवशेष मूल्य,

इ. सवारी साधन वा मेसिन औजार भए बनेको साल मोडेल आउटडेटको अवस्था,

ई. भन्सार छुट प्राप्त मालसामानको मूल्य कायम गर्दा भन्सार मूल्य समावेश गरी सो मूल्यमा समेत ह्रासकट्टी गर्नुपर्ने व्यहोरा,

उ. मूल्याङ्कन गर्दा सम्बन्धित विशेषज्ञबाट परीक्षण गराई लिलाम बिक्री गर्न लागेको सरसमान पुन प्रयोग हुन सक्ने नसक्ने वा मर्मत गर्दा लाग्ने लागत समेतलाई दृष्टिगत गरी मूल्य कायम गरी अनुसूचित २ बमोजिमको ढाँचामा कार्यालयलाई प्रतिवेदन पेश गर्नुपर्नेछ।

ग) लिलाम बिक्री गर्नुपर्ने मालसामानको पहिचान एवं यकिन गर्ने

घ) सम्पत्ति तथा जिन्सी मालसामानको मूल्याङ्कन गर्दा अनुसूची ३ बमोजिम घट्दो ह्रासकट्टी दर कायम गरी मूल्याङ्कन गर्नुपर्नेछ।

तर उल्लेखित आधारहरु कुनै पनि वा आंशिक रुपमा किटान गर्न नसकिने मालसामानको हकमा समितिले कार्यपालिका सदस्य पेश गर्नुपर्नेछ। कार्यपालिकाको सम्बन्धित विशेषज्ञ खटाई प्रतिवेदनले मूल्य कायम गर्न समितिलाई निर्देशन दिन सक्नेछ।

७. लिलाम बिक्री गर्ने विधिः (१) दफा ६ बमोजिम मूल्य कायम भएको सम्पत्ति तथा जिन्सी मालसामान देहाएबमोजिम लिलाम बढाबढ गरी लिलाम बिक्री गर्नुपर्नेछः

क) ३ लाख मूल्यसम्म कायम भएका सम्पत्ति तथा जिन्सी कार्यालयको सूचना पाटी तथा वेबसाइटमा १५ दिने सूचना प्रकाशन गरेर

ख) ३ लाखदेखि १० लाखसम्म मूल्य कायम भएका सम्पत्ति तथा जिन्सी मालसामान १५ दिनको म्याद दिई कार्यालयको सूचना पाटी तथा वेबसाइट र स्थानीय स्तरको पत्रिकामा सूचना प्रकाशन गरेर

ग) १० लाखदेखि माथि मूल्य कायम भएका सम्पत्ति तथा जिन्सी मालसामान २१ दिनको म्यादी कार्यालयको सूचना पाटी तथा वेबसाइट र राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरेर

(२) उपदफा २ बमोजिम टाँस वा प्रकाशन गरेर सूचनामा देहाएबमोजिमको विवरण खुलाउनुपर्नेछः

क) मालसामानको विवरण

ख) मालसामानको न्यूनतम मूल्य

ग) लिलाम बढाबढ हुने मिति स्थान समय (सुरु र अन्त्य हुने घुमुरे बजे)

घ) न्यूनतम मूल्यबाट बढाबढ सुरु हुने कुरा

ङ) लिलाम सकार गर्न डाग बोल्न अघि नै न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नुपर्ने कुरा र डाक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्ने जानुपर्ने कुरा

च) लिलाम सकार गरेको मालसामान उठाई लैजानुपर्ने अवधि

छ) अन्य आवश्यक कुराहरू कार्यालयको अनुसूची ६ बमोजिमको ढाँचामा लिलाम बढावटको सूचना प्रकाशन गर्नुपर्नेछ।

८. बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्न सकिने: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्न मनासिव देखिएमा सम्पत्ति तथा जिन्सी मालसामान हेर्न सक्ने व्यवस्था मिलाई दफा ७ को उपदफा १ बमोजिमको म्याद दिइ बोलपत्र आह्वान गर्न सकिनेछ।

(२) बोलपत्रको सूचना र बोलपत्र फारम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीबाट स्वीकृत गराउनुपर्नेछ।

(३) कार्यालयले यसरी बोलपत्र आह्वान गरिएकोमा कवोल अङ्कको १०%ले हुने रकम वरावरको वैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राख्नुपर्नेछ। बोलपत्र माग गर्दा खरिद र दाखिला सम्बन्धी कार्य सम्बन्धित कार्यालयमा गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(४) दफा ७(१) वा दफा ८(१) बमोजिम प्रकाशित सूचना बमोजिम लिलाम सकार गर्न चाहने व्यक्ति फर्म संस्था वा कम्पनीले देहाए बमोजिमको बोलपत्र फारम दस्तुरतिरी कार्यालयबाट सो कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फारम खरिद गर्नुपर्नेछ।

क) ३ लाख रुपैयाँसम्मको न्यूनतम अङ्क भएको बोलपत्रको लागि रु १०००।-

ख) ३ लाखदेखि १० लाख रुपैयाँसम्मको न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि रु २०००।-

ग) १० लाख भन्दा माथि जतिसुकै रकम न्यूनतम मूल्य कायम भएको बोलपत्रको लागि रु ३०००।-

(५) उपदफा १ बमोजिम प्रकाशित सूचना तोकिएको अवधिभित्र पेश हुन आएका बोलपत्र फारम अनुसूचि ४ बमोजिमको ढाँचामा तयार गरिएको दर्ता किताबमा दर्ता गरी सुरक्षित गर्नुपर्नेछ।

(६) उपदफा ५ बमोजिम दर्ता हुन आएका बोलपत्र उपदफा १ बमोजिमको सूचनामा तोकिएको अवधिमा खोली अनुसूची ५ बमोजिमको ढाँचामा मुचुल्का गर्नुपर्नेछ। एउटा मात्र बोलपत्र दर्ता हुन आएमा प्रक्रिया अघि बढाउन बाधा पर्ने छैन।

(७) उपदफा ५ बमोजिम दर्ता हुन आएका बोलपत्र सार्वजनिक खरिद नियमावली बमोजिमको मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गराउनुपर्नेछ।



नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

(८) उपदफा ७ बमोजिमको मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सिफारिस भएको सबैभन्दा बढी कबोल गर्ने रितपूर्वक पेश भएको बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि सिफारिस गर्नुपर्नेछ। उक्त सिफारिसको जानकारी सो बोलपत्रमा भाग लिने अन्य बोलपत्रदातालाई सात दिनको म्याद दिए कार्यालयको सूचना पाटी र वेबसाइटमा सूचना प्रकाशन गरी दिने व्यवस्था मिलाउनुपर्नेछ।

(९) उपदफा ८ बमोजिमको समयमा कुनै बोलपत्रदाताले आफूलाई अन्याय भएको महसुस गरी निवेदन पेश गर्न सक्नेछ। प्रमुख प्रशासकीय अधिकृतले उक्त निवेदन उपर ५ दिनभित्र निर्णय गर्नुपर्नेछ।

(१०) उपदफा ८ बमोजिमको समयमा कुनै उजुरी नपरेमा वा दफा ९ बमोजिमको अवधिमा उजुरीकर्ताको निर्णय उपर कुनै त्रुटी नदेखिएको भने निर्णय गरिएमा कार्यालयले बोलपत्र स्वीकृत गरी प्रचलित कानुन बमोजिम सम्वन्धित बोलपत्रदातासँग सम्झौता गरी कार्यअघि बढाउनुपर्नेछ।

(११) लिलाम सकार गरेको जिन्सी मालसामान सम्बन्धित कार्यालयले तोकेको अवधिभित्र कवुल गरेको पुरा रकम बुझाए नउठाएमा राखिएको धरौटी जफत गरी जफत रकम बराबर मात्र घटी भएका क्रमश दोस्रो, तेस्रो वा चौथो घटीवालाको कबुल अङ्क स्वीकृत गर्न सक्नेछ। यसबाट पनि लिलाम हुन नसकेमा पुन निलाम गर्नुपर्नेछ।

(१२) बोलपत्र स्वीकृत गर्ने अधिकार देखाए बमोजिमका पदाधिकारीमा रहनेछः

क) १० लाख रुपैयाँसम्मको न्यूनतम अङ्क भएको बोलपत्र प्रमुख प्रशासकीय अधिकृतको निर्णय अनुसार

ख) १० लाख भन्दा बढी रुपैयाँ न्यूनतम मूल्य कायम भएको बोलपत्र अध्यक्षको निर्णय अनुसार

९.पुनः लिलाम बिक्री गराउनुपर्नेः (1) कार्यालयको देहाएका अवस्थामा पहिलोपटक सूचना प्रकाशन गर्दा बिक्री हुन नसकेका सम्पत्ति तथा जिन्सी मालसामान देहाएको अवस्थामा पुनः लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

क) तोकिएको म्यादभित्र डाँक बोल्न कोही नआएमा वा त्यस्तो म्यादभित्र कुनै बोलपत्र नपरेमा,

ख) रितपूर्वकको बोलपत्र नपरेमा,

ग) लिलाम बिक्रीको सम्झौता रद्द गरिएमा।

(२) उपदफा १ बमोजिम पुनः लिलाम बिक्री गर्दा पहिलो पटक दिएको सूचनाको आधा अवधिको कारवाही गर्नुपर्नेछ।

(३) यस दफाबमोजिम पुनः लिलाम बिक्री गर्ने सम्पत्ति तथा जिन्सी माल सामानको मूल्य कायम र लिलाम बिक्री सम्बन्धी अन्य व्यवस्था पहिलोपटकको लिलाम बिक्रीको लागि तोकेबमोजिम हुनेछ।

१०. न्यूनतम मूल्यमा सोझै बिक्रीबाट लिलाम गर्न सक्नेः (१) दफा ९ बमोजिम लिलाम बिक्री हुन नसकेका सम्पत्ति तथा जिन्सी मालसामानलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी पहिलोपटकको लागि कायम न्यूनतम मूल्यमा सोझो बिक्री गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम पुनः लिलाम बिक्री हुन नसकेका सम्पत्ति तथा जिन्सी मालसामानलाई मूल्याङ्कन समितिबाट पुनः मूल्याङ्कन गराए प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी वार्ताद्वारा सोझै बिक्री गर्न सक्नेछ।

(३) उपदफा २ बमोजिमको प्रक्रियाबाट समेत बिक्री हुन नसकेमा कार्यालयले कम्तीमा दुई जना कार्यपालिकाको सदस्यको रोबरमा वार्ताद्वारा लिलाम कबुल रकम कायम गरी सोझै बिक्री गर्न सक्नेछ।

११. हस्तान्तरण गर्न मिनाहा दिन वा नष्ट गर्न सकिने: कुनै सम्पत्ति तथा जिन्सी मालसमान दफा १० बमोजिम वार्ताद्वारा सोझो बिक्री हुन नसकेमा कार्यपालिकाको निर्णयबाट त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामान सामुदायिक विद्यालय तथा गैह्रनाफामूलक सीपमूलक संस्था, प्राविधिक शिक्षालय वा सामाजिक संघसंस्थालाई हस्तान्तरण गर्न सकिनेछ।

(२) उपदफा एक बमोजिम हस्तान्तरण हुन नसकेमा कार्यपालिकाको निर्णयबाट मिनाहा वा नष्ट गर्ने गरी निर्णय गर्न सकिनेछ।

(३) कार्यालयले दफा २ बमोजिम मिनाह वा नष्ट गर्दा मूल्याङ्कन समितिको रोहवरमा नष्ट गरी लगतकट्टा गर्नुपर्नेछ।

(४) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन बमोजिम लिलाम गर्न नमिल्ने र सडी गरी वा अन्य कुनै तरिकाले नष्ट भइसकेका उपयोग नीति समाप्त भएका वा अन्य कुनै कारणबाट उपभोग गर्न नहुने प्रमाणित भएका सामान प्रमुख प्रशासकीय अधिकृतको आदेशमा कम्तिमा दुई जना गाउँ कार्यपालिकाका सदस्यको रोबरमा सम्बन्धित शाखा प्रमुखले सार्वजनिक रुपमा हटाउने काम गर्न सक्नेछ। यसरी नष्ट गरेपछि त्यस्तो सामानलाई मुचुल्काको आधारमा जिन्सी खातामा मिन्हा खर्च जनाउनुपर्नेछ।

(५) विपद वा चोरी डकैती लगायतका अप्रत्यासित घटनाबाट कुनै सम्पत्ति तथा जिन्सी सामग्री हराए वा नष्ट भएमा प्रहरी सरजमिन मुचुल्का गरी त्यस्ता सम्पत्तिहरू कार्यपालिकाको निर्णयबाट मिनाहा गर्न सकिनेछ।

१२. लिलाम बढावड र घटाघट सम्बन्धी विशेष व्यवस्था: (१) निर्माण भएका भौतिक संरचना भत्काई लिलाम बिक्री गर्दा भत्काउन लाग्ने खर्च र मालसामान बिक्री गर्दा प्राप्त हुने रकमको आइटम वाइज लागत अनुसार तयार गर्नुपर्नेछ। लिलामबाट प्राप्त हुने रकम संरचना भत्काउँदा लाग्ने खर्चभन्दा वढी हुन आएमा फरक रकमलाई नै न्यूनतम मूल्यमानी लिलाम बडाबड र संरचना भत्काउँदा लाग्ने खर्चले लामबाट प्राप्त हुने रकमभन्दा बढी हुन आएमा फरक रकमलाई नै न्यूनतम मूल्यमानी लिलाम घटाघटको माध्यमबाट कारवाही गर्नुपर्नेछ। बोलपत्रबाट लिलाम सम्बन्धी कारवाही गर्दा समेत यसै विधि र प्रक्रियाबाट न्यूनतम मूल्य कायम गर्नुपर्नेछ।

१३. संशोधन र खारेजी: १ कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन वा खारेज गर्न सक्नेछ।

(२) यो कार्यविधि कार्यान्वयनमा अन्योल वा बाधा उत्पन्न भएमा कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

अनुसूची-१

(कार्यविधिको दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, ,बैतडी सुदुरपश्चिम प्रदेश नेपाल

लिलाम बिक्री गर्नु पर्ने सम्पत्ती तथा जिन्सी मालसामानको विवरण

| क्र.स. | संकेत नं. | सम्पत्ति तथा मालसामानको नाम | स्पेसिफिकेशन | सुरू प्राप्त मित | प्रयोग भएको अवधि (बर्ष) | लिलाम बिक्री गर्नु पर्ने परिमाण | परल मूल्य/प्रति इकाई | जम्मा रकम | लिलाम गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

| तयार गर्नेः | जाँच गर्नेः | स्वीकृत गर्नेः |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः |

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(कार्यविधिको दफा ६ को उपदफा २ख(उ) सँग सम्बन्धित)

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, ,बैतडी सुदुरपश्चिम प्रदेश नेपाल

मिति:..................

विषय: मूल्याङ्कन समितिको प्रतिवेदन।

मिति ............को निर्णय अनुसार ............ कार्यालयमा रहेका प्रयोगमा आउन नसक्ने सम्पत्ति तथा जिन्सी मालसामान मध्ये शिवनाथ गाउँपालिका बैतडीको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम सम्बन्धी कार्यविधि , २०८१ को अनुसूची १ बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री गर्ने निर्णय भएकोले सो प्रयोजनका लागि उक्त सम्पत्ति तथा जिन्सी मानसामानको मूल्याङ्कन गर्न देहाय बमोजिमका प्रतिनिधिहरू रहेको मूल्याङ्कन समिति गठन भएको।

क) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य श्री............. संयोजक

ख) कार्यालयको पूर्वाधार शाखा प्रमुख श्री .............सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख श्री ...........सदस्य

घ) कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विशेषज्ञ प्रतिनिधि श्री ......सदस्य

ङ) जिन्सी शाखा प्रमुख श्री .................. सदस्य सचिव

समितिले विभिन्न मितिमा बैठक बसी सम्पत्ति तथा जिन्सी मालसामानको मूल्याङ्कन फाराम, अनसूची-१ को सि.नं. १ देखी सि. नं. ....... सम्मका सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा भौतिक अवस्था, उपयोगिता सेवा, आयु, बजार मूल्य निर्धारण गर्दा सम्पत्ति तथा जिन्सी मालसामानको कुल न्यूनतम मूल्य रू....... अक्षरेपी:......... कायम हुन आएको व्यहोरा पेश गरेका छौं।

| | | | |
|---|---|---|---|
| संयोजक: | सदस्य: | सदस्य: | सदस्य: |
| नाम: | नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: | पद: |
| दस्तखत: | दस्तखत: | दस्तखत: | दस्तखत: |
| मिति: | मिति: | मिति: | मिति: |

अनुसूची- ३

कार्यविधिको दफा ६ को उददफा२(ग) सँग सम्बन्धित ह्रासकट्टी दर

| मालसामान | घट्दो ह्रासकट्टी प्रणाली अनुसारको ह्रासकट्टी दर प्रतिशतमा |
|---|---|
| १) भवन | |
| क) सिमेन्ट वा बज्र सुकीको जोडाई | ५ |
| ख) माटोको जोडाई | ७ |
| ग) काठ वा घाँस भुसले बनेको(अस्थाई) | ५० |
| २) यातायात साधनहरू | |
| क) बस/ मिनिबस, ट्रक , लरी, भ्याकुलोडर | २० |
| ख) कार, जीप, भ्यान, मोटर साइकल, साइकल, स्कुटर, टेम्पो, दमकल, | १५ |
| ३) फर्निचर | |
| क) धातुको | २० |
| ख) काठको | २५ |
| ४) यन्त्र, उपकरण तथा औजार | |
| क) भवन, सडक, पुल, खानी, टनेल निर्माण | ५ |
| ख) अन्य हलुका यन्त्र र उपकरण | २५ |
| ग) विद्युत सम्बन्धि यन्त्र उपकरण टेलीफोन, मोवाइल, | २५ |
| घ) रेफ्रिजेरेटर, एयर कन्डिसनर, एयरकलर | २५ |
| ङ) लिफ्ट, एलिमेटर | २५ |
| च) कम्प्युटर सम्वन्धि उपकरणहरू | २५ |
| छ) रवर र प्लाष्टिकका सामान बनाउन प्रयोग गर्ने यन्त्र उपकरण | २५ |
| ज) होजीयरी तथा ऊनको सामान बनाउन प्रयोग गर्ने यन्त्र उपकरण | २५ |
| झ) नाप्ने यन्त्र उपकरण | २५ |
| ञ) अन्य फलामका उपकरणहरू | २५ |

स्थानीय सरकार
श्री शिवनाथ गाउँपालिका
कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४

(कार्यविधिको दफा ८(५) सँग सम्बन्धित)

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, ,बैतडी सुदुरपश्चिम प्रदेश नेपाल

सूचना नं.:-........

**लिलाम बढाबढ अभिलेख फाराम**

यस कार्यालयको मिति....... को निर्णयानुसार लिलाम बिक्री गर्न निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री गर्ने सम्बन्धमा प्रकाशित मिति ..........मा प्रकाशित सूचना बमोजिम आज मिति ........ गते हुने लिलाम बढाबढमा सि. नं. १ देखि सि.नं. ..... उल्लिखित सम्पत्ति तथा मालसामानको एकमुष्ट बोल ग्रने व्यक्रि, संस्था फर्म वा कम्पनी र बोलकबोल अङ्क देहायबमोजिम रहेको छ। यो लिलाम बढाबढमा कायम न्यूनतम मूल्य रू. ........अक्षरूपी............ रहेको छ।

| सि.नं. | बोलकबोल गर्नेको नाम | ठेगाना | बोककबोल अंक | ५ प्रतिशतले हुने धरौटी रकम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तयार गर्नेः

नामः

पदः

दस्तखतः

मितिः

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-५

(कार्यविधिको दफा ८(६) सँग सम्बन्धित)

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, ,वैतडी सुदुरपश्चिम प्रदेश नेपाल

सूचना नं.:-........

**लिलाम बढाबढको मुचुल्का**

यस कार्यालयमा रहेका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढको माध्यमद्वारा बिक्रीको लागि मिति........ मा प्रकाशित सूचना अनुसार मिति ....... का दिनको ..... बजेदेखी ......बजेसम्म.......(स्थान)मा कबोल भएको रू...........(अक्षरेपी..........) भन्दा बढी रकम कबोल गर्न कोही पनि णआएको हुँदा निजको कबोल अंक रू........(अक्षरेपी.....) लाई नै अन्तिम कबोल अंक मानी लिलाम बढाबढको कार्य समाप्त गरी यो मुचुल्का तयार गरिएको छ।

(लिलाम बढाबढमा भाग लिने समेतको ) अन्तिम बोलकबोल गर्नेको दस्तखतः

१. ...................... ..................

२. .....................

कार्यालयको प्रतिनिधिः

१. ..................

२. ..............

मितिः................... स्थानः.................... समयः........................

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-६

(कार्यविधिको दफा (७) सँग सम्बन्धित)

शिवनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिवनाथ, ,बैतडी सुदुरपश्चिम प्रदेश नेपाल

सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

सूचना नं.:-........

**प्रथम पटक प्रकाशित मितिः २०.....**

यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले ....... दिन भित्र (मिति २०.....) लिलाम बिक्रिको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रू..... नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ।

१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरणः

२) लिलाम बढाबढ हुने स्थान, समय र मिति

३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलामा बिक्री मूलयबाटै सुरू हुनेछ।

४) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मुल्य रू...  को ५% ले हुने रू.... नगद धरौटी राख्नु पर्नेछ।

५) प्रत्येक पटक डाँक वोल्न चाहने व्यक्तिवाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ।

६) लिलाम बढाबढ हुने सम्पत्रि तथा मालसामान हेर्न चाहने व्यक्ति वा समस्थाले कार्यालय समय ११.०० बजेदेखि २.०० बजेसम्म ... शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

७) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले ..... दिनभित्र उठाई लैजानु पर्नेछ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

८) लिलाम वढावढ हुने दिन सार्वजनिक विदा पर्न भएमा सो लगतै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम वढावढ हुनेछ।

अन्य कुराहरू: कार्यालयको आवश्यकता अनुसार राख्न सकिने।

आज्ञाले

नरेन्द्र सिंह महाता

प्रमुख प्रशासकीय अधिकृत